काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १४९ | बिहीवार, २८ फागुन, २०८२ | Thursday, 12 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

बलात्कारपछि इनिसा हत्या प्रकरण :

आफन्तदेखि अधिकारकर्मीहरू न्याय मागदै आन्दोलित

काँक्रेविहार संवाददाता

सुर्खेत, २७ फागुन

सुर्खेतको गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर-१ मा बस्दै आएकी इनिसाको सामूहिक बलात्कारपछि विभत्स रूपमा हत्या गरिएको आफन्तको दाबी छ। घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कारबाही गर्नुपर्ने माग गर्दै पीडित परिवारले राज्यसँग न्यायको माग गरेका छन्।

बलात्कारपछि हत्या गरिएकी १६ वर्षीया किशोरी इनिसा विकको घटनालाई करिब एक हप्ता पुग्न लाग्दा पनि अनुसन्धानको ठोस नतिजा सार्वजनिक नभएको भन्दै पीडित परिवार, आफन्त तथा अधिकारकर्मीहरू आन्दोलित भएका हुन्। घटनाप्रति कर्णाली प्रदेशसँगै देशभरका अधिकारवादी संघसंस्थाहरूले पनि गम्भीर चासो व्यक्त गरेका छन्।

बुधबार सुर्खेत र काठमाडौंमा जुलुस निकाल्दै उनीहरूले गम्भीर र निष्पक्ष अनुसन्धानको माग गरेका छन्। जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायत सम्बन्धित निकायमा ध्यानाकर्षण पत्र समेत बुझाएका छन्। उक्त घटनालाई अत्यन्त दुःखद, अमानवीय र निन्दनीय भन्दै दोषीलाई कानुनी दायरामा ल्याउन उनीहरूले जोड दिएका छन्।

यसैबीच, दलित समुदायमाथि बढ्दै गएको हिंसाविरुद्ध दलित अधिकारकर्मी तथा युवाहरूले राजधानी काठमाडौंमा खबरदारीसहित प्रदर्शन गरेका छन्। देशभर दलित समुदायमाथि हुने हिंसा, बलात्कार र हत्या बढ्दै गएको भन्दै उनीहरूले पीडितलाई न्याय दिलाउन सरकारसँग माग गरेका हुन्।

बुधबार काठमाडौंको माइतीघर मण्डलामा आयोजित प्रदर्शनमा सहभागीहरूले मृतक इनिसाको आत्माको शान्तिका लागि दीप प्रज्वलनसमेत गरेका थिए। प्रदर्शनका क्रममा 'महिला हिंसा अन्त्य गर', 'बलात्कारीलाई कडा कारबाही गर', 'सरकार बदलियो, समाज बदलिएन', 'महिला शोषणविरुद्ध एक हौं' लगायतका प्लेकार्ड प्रदर्शन गरिएको थियो। भने सुर्खेतमा समेत चर्को विरोध जुलुस निकालिएको थियो।

प्रदर्शनमा सहभागी अभियान्ता अनिता नेपालीले सडक आन्दोलनमा सँगै रहेका नेताहरू अहिले संसद् र सरकारमा पुगेको उल्लेख गर्दै दलित समुदायमाथि हुने हिंसा र विभेद अन्त्यका लागि गम्भीर भएर काम गर्नुपर्ने बताइन्। यता प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ। तर हालसम्म घटनाको पूर्ण विवरण सार्वजनिक नभएकाले पीडित परिवार र अधिकारकर्मीहरूले शीघ्र निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न सरकारसँग माग गरेका छन्।

प्रहरीले घटनास्थलबाटै हत्यामा संलग्न भएको आरोपमा एक किशोरलाई पक्राउ गरेको थियो। भने पछि थप तीन जनालाई पनि नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको जनाएको छ। तर यति गम्भीर घटनामा समेत अनुसन्धान कार्य सुस्त देखिएको पीडित पक्षको आरोप छ।

प्रशासनको ध्यानाकर्षण

सामूहिक बलात्कारपछि किशोरी इनिसाको विभत्स हत्या गरिएको दाबी गर्दै पीडित परिवार र आफन्तजन आन्दोलनमा उत्रिएका छन्। उनीहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन्। पीडित परिवारले निष्पक्ष छानबिनको माग गर्दै जिल्ला प्रशासन कार्यालय सुर्खेतमा निवेदन समेत बुझाएका छन्।

इनिसाका दाजु नाता पर्ने बाँकी पृष्ठ ४



पीडामा परिवार

पारिवारीक स्रोतका अनुसार फागुन २३ गते, शनिबार बिहान ६ बजे इनिसा 'ट्युसन पढ्न जान्छु भनेर घरबाट निस्किएको जनाइएको छ। इनिसाकी आमा तिला विकले सो दिन शनिबार परेकाले घरबाट नस्किन अनुरोध गरेकी थिइन्। तर इनिसाले छिट्टै आउने भन्दै घरबाट निक्किएकी थिइन्।

इनिसा वीरेन्द्रनगर-६ मा रहेको उषा बालबाटिका स्कुलमा कक्षा ११ मा पढ्थिन्। बिहान ८ बजे फर्किसक्ने भनेर घरबाट निस्किएकी छोरी ९ बजेसम्म नआएपछि आमाले फोन गरिन्। तर फोन स्वीच अफ थियो। त्यसपछि स्कुल र शिक्षकको पनि फोन उठेन। केही समयपछि बिरानो नम्बरबाट फोन आउपछि आफु ६ वर्षको छोरा च्यापेर हतारिँदै शहीद पार्क पुगेको तिलाको भनाइ छ।

'म त्यहाँ पुग्दा इनिसाको शरीर रक्ताम्मे थियो। कपाल लुछिएको, घाँस मडारिएको थियो। एकातिर जुत्ता, अर्कोतिर मोजा थियो' उनले भनिन्, 'खोल्सातिर सुतेकी इनिसाको शरीरमा कपडा पनि थिएन। शरीर कालो ज्याकेटले छोपेको थियो। त्यो देखेपनि म त्यहीँ बेहास भएछु।'

यता, इनिसाका बुवा इन्द्रबहादुर विक नेपाली सेनाबाट अवकाश पाएपछि रोजगारीका लागि दुबईमा छन्। पछिल्लो ६ वर्ष यता दुबईको सेनामा कार्यरत उनी छुट्टिमा घर आएर एक महिना अगाडि मात्रै दुबई गएका थिए। इनिसाका दाजु नाता पर्ने टंक विकले छोरीको मृत्युको खबरले विक्षिप्त बुवा इन्द्रबहादुर पुनः घर फर्किने प्रयासमा रहेपनि मध्यपूर्व क्षेत्रमा जारी लडाइँले दुबईको एयरपोर्ट बन्द हुदाँ उतै अलपत्र परेको बताए।

उनका अनुसार घरमा इनिसाकी आमा विक्षिप्त छिन्। भने दुबई एअरपोर्टमा अलपत्र बुवा इन्द्रबहादुर कहिले नेपाल आउने टुंगो छैन।

सरकारको चालू खाता र भुक्तानी सन्तुलन दुवै बचतमा



काँक्रेविहार संवाददाता

काठमाडौं, २७ फागुन

चालू आर्थिक वर्ष २०८२/८३ को सात महिनामा सरकारको चालू खाता ४ खर्ब ९३ अर्ब ७८ करोड रुपैयाँले बचतमा रहेको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांक अनुसार चालू खाता बचत ४ खर्ब ९३ अर्ब ७८ करोड रुपैयाँ रहेको देखिएको हो।

अघिल्लो वर्षको सोही अवधिमा चालू खाता १ खर्ब ८४ अर्ब १४ करोड रुपैयाँले बचतमा रहेको थियो।

अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ३७ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा ३ अर्ब ४७ करोडले बचतमा रहेको छ ।

समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर ११ अर्ब ४३ करोड रुपैयाँ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ५ अर्ब ८३ करोड रुपैयाँ रहेको थियो। यसैगरी, समीक्षा अवधिमा १० अर्ब २२ करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) ७ अर्ब ४३ करोड रुपैयाँ रहेको थियो।

समीक्षा अवधिमा शोधनान्तर स्थिति ५ खर्ब ७२ अर्ब ७३ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति २ खर्ब ८४ अर्ब ४१ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २ अर्ब ११ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ४ अर्ब ३ करोड रुपैयाँले बचतमा रहेको छ।

प्रतिनिधिसभा बैठक आह्वानको गृहकार्य सुरू

काँक्रेविहार संवाददाता

काठमाडौं, २७ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतपरिणाम आउनेक्रम अन्तिम चरणमा पुगेको छ। निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएलगत्तै प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी गर्न थालिएको संघीय संसद् सचिवालयले जनाएको छ।

नेपालको संविधानको धारा ९३ मा संसद् अधिवेशनको आह्वान र अन्त्यको व्यवस्था उल्लेख छ।

उक्त प्रावधानअनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ।

संविधानमा ३० दिनभित्र भनिए पनि सचिवालयले भने बैठक आह्वानका लागि विगतदेखि एक वा दुई हप्ताभन्दा ढिला नगरेको सचिवालयका प्रवक्ता एकराम गिरीले बताए। 'सचिवालयले नवनिर्वाचित सांसदहरूलाई काठमाडौं आउनका लागि करिब १० दिनको समय दिएर संसद् बैठकका लागि सूचना आह्वान गर्छ।

यहीबीचमा ज्येष्ठ सदस्यले राष्ट्रपतिबाट शपथ लिनुहुन्छ र उहाँले अरु सांसदलाई शपथ गराउनुहुन्छ', उनले भने। सभामुखको निर्वाचन नभएसम्म ज्येष्ठ सदस्यले सभामुखको भूमिका निर्वाह गर्ने कानुनी प्रावधान रहेको प्रवक्ता गिरीले जानकारी दिए। 'संसद्को पहिलो बैठकले सभामुखको निर्वाचन घोषणा गर्छ, साथै सभामुखको अनुपस्थितिमा भूमिका निर्वाह गर्नका लागि प्रत्येक दलबाट तीन जनाका दरले सांसदको नाम मागेर अनुमोदन गरिन्छ। त्यसपछि बस्ने पहिलो बैठकमा अध्यादेश छन् भने पेस गरिन्छन्', उनले भने।

मूल बैठक तयारी नभएकाले अर्को हलमा संसद् बैठक बस्ने

निर्माणाधीन संसद् भवनको निर्माण सम्पन्न भइनसकेकाले अबको प्रतिनिधिसभाको केही समयसम्म अर्को प्रयोजनका लागि निर्मित हलमा बस्ने तयारी भइरहेको प्रवक्ता गिरीले बताए।

'प्रतिनिधिसभा र राष्ट्रियसभाका लागि निर्माणाधीन भवनको बीचमा रहेको उक्त हलमा बैठक तयारीका लागि आवश्यक प्राविधिक व्यवस्थापन काम भइरहेको छ', उनले भने।

सहरी विकास मन्त्रालय र निर्माण कम्पनी टुण्डी सेक ज्वाइन्ट भेञ्चरबीच विसं २०७६ असोज १६ गते भएको सम्झौताअनुसार सङ्घीय संसद् भवन तीन वर्षभित्र अर्थात् २०७९ असोज १५ गतेसम्म निर्माण भइसक्नुपर्ने थियो। कोरोना महामारीलगायत विभिन्न कारण देखाउँदै हालसम्म उक्त भवन निर्माण सम्पन्न हुन सकेको छैन। एक सय ५१ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको परियोजनाअन्तर्गत प्रतिनिधिसभा भवन, राष्ट्रियसभा भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुने छन्।

संसद् भवनभित्र मुख्य भवन आठ वटा हुनेछन्। भवनभित्र ३५० सिट क्षमताको संयुक्त लबी हुनेछ भने सानाठूला गरी १० वटा संसदीय दलका कार्यालय हुनेछन्। यसका चार अतिरिक्त अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् लाइब्रेरी, दुईवटा क्यान्टिन क्रमशः १०० र ३०० जना अट्ने क्षमताका र ३९० वटा गाडी पार्किङ क्षमता हुनेछ।

सात महिनामा १२ खर्ब ६१ अर्ब भित्रियो रेमिट्यान्स

काँक्रेविहार संवाददाता

काठमाडौं, २७ फागुन

चालू आर्थिक वर्ष २०८२/८३ को सात महिनामा विप्रेषण आप्रवाह (रेमिट्यान्स) १२ खर्ब ६१ अर्बरुपैयाँ भित्रिएको छ। नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार रेमिट्यान्स ३९.८ प्रतिशतले वृद्धि भई १२ खर्ब ६१ अर्ब १ करोड पुगेको हो। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७.५ प्रतिशतले बढेको थियो। २०८२ माघ महिनामा विप्रेषण आप्रवाह १ खर्ब ९८ अर्ब ८ करोड रुपैयाँ रहेको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह १ खर्ब ३७ अर्ब ५० करोड रुपैयाँ थियो। समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३३.० प्रतिशतले वृद्धि भई ८ अर्ब ८६ करोड रुपैयाँ पुगेको छ।

विश्व ऊर्जा संकटको धक्का :

नेपालमा पनि इन्धन जोगाउन आग्रह

काँक्रेविहार संवाददाता

काठमाडौं, २७ फागुन

नेपाल आयल निगमले विश्व बजारमा देखिन सक्ने सम्भावित ऊर्जा संकट र आपूर्तिमा पर्न सक्ने प्रभावलाई मध्यनजर गर्दै उपभोक्ताहरूलाई पेट्रोलियम पदार्थ र एलपी ग्यासको मितव्ययी प्रयोग गर्न अपिल गरेको छ। मध्यपूर्वमा देखिएका पछिल्ला समस्याहरूका कारण हालसम्म नेपालको आपूर्ति व्यवस्थामा कुनै प्रत्यक्ष असर नपरेको भए पनि विश्वका अन्य मुलुकहरूले सुरक्षात्मक उपाय अपनाउन थालिसकेकोले यस्तो पूर्वसतर्कता अपनाएको हो। पूर्ण रूपमा आयातमा निर्भर रहनुपर्ने बाध्यताका कारण नेपालले पनि खपतमा सुरक्षात्मक प्रबन्ध मिलाउनु आवश्यक देखिएको निगमको बताएको छ।



आपूर्ति व्यवस्था हालसम्म नियमित र सुचारु रहेको भन्दै निगमले उपभोक्ताहरूलाई ग्यास र इन्धनको अनावश्यक भण्डारण नगर्न र आवश्यक परिमाणमा मात्र खरिद गर्न आग्रह गरेको छ।

विशेष गरी घरमा अनावश्यक ग्यास सिलिन्डर थुपारेर नराख्न, ग्यासको सट्टा विद्युतीय उपकरणको प्रयोग बढाउन र सवारी साधनको हकमा राइड सेयरिङ जस्ता उपाय अपनाएर इन्धन जोगाउन निगमले सुझाएको छ। औद्योगिक क्षेत्रमा पनि इन्धन खपत कम गर्ने नीति अवलम्बन गर्न र विद्युतका लागि जेनेरेटरको प्रयोगलाई निरुत्साहित गर्न विज्ञप्तिमा उल्लेख गरिएको छ। यसैबीच, निगमले बजार अनुगमनलाई पनि कडा बनाउने बताएको छ। कसैले अनावश्यक रूपमा ग्यास सिलिन्डर होल्डिङ गरेको, तोकिएको भन्दा बढी मूल्यमा बिक्री वितरण गरेको वा नियम विपरीत नयाँ सिलिन्डरको बजारीकरण गरेको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही गर्ने भएको छ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

चुनावमा सफल दललाई काम देखाउन चुनौती

प्रतिनिधिसभा निर्वाचनको समानुपातिकतर्फको मतगणना सकिएसँगै आगामी संसद्को नयाँ राजनीतिक समीकरण स्पष्ट हुन थालेको छ । मत परिणामले देशको राजनीतिक शक्ति सन्तुलनमा ठूलो परिवर्तन आएको संकेत गरेको छ । विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अप्रत्याशित रूपमा ठूलो शक्ति बनेर उदाएको छ, भने परम्परागत दलहरूको शक्ति उल्लेख्य रूपमा घटेको छ । प्रत्यक्षतर्फ १२५ सिट जितेको रास्वपाले समानुपातिक मतको आधारमा करिब ५७ सिट प्राप्त गर्ने देखिएपछि उसले प्रतिनिधिसभामा कुल १८२ सिट पुऱ्याउने निश्चित जस्तै भएको छ । २७५ सदस्यीय प्रतिनिधिसभामा दुई तिहाइ बहुमतका लागि १८४ सिट आवश्यक पर्छ । यस हिसाबले रास्वपा दुई तिहाइ बहुमतबाट मात्र दुई सिट टाढा रहने देखिन्छ । निर्वाचन आयोगले प्रयोग गर्ने 'सेन्ट लग फर्मुला' अनुसार अहिले प्राप्त मतका आधारमा गरिएको गणनाले यस्तो संकेत गरेको हो । समानुपातिकतर्फ कुल एक करोड सात लाखभन्दा बढी सदर मतमध्ये रास्वपाले मात्र करिब ५१ लाख मत प्राप्त गरेको छ, जुन कुल मतको करिब साढे ४७ प्रतिशतभन्दा बढी हो । यो परिणामले मतदाताको ठूलो हिस्सा परिवर्तनको पक्षमा उभिएको सन्देश दिएको छ । तर यति ठूलो जनसमर्थन प्राप्त गर्नु र त्यसलाई व्यवहारमा रूपान्तरण गर्नु फरक विषय हुन् ।

अन्य दलहरूको अवस्था भने यसपटक निकै कमजोर देखिएको छ । दोस्रो ठूलो दलका रूपमा रहेको नेपाली कांग्रेसले समानुपातिकतर्फ २० सिट पाउने अनुमान छ, भने प्रत्यक्षतर्फ १८ सिट जितेको छ । यसरी प्रतिनिधिसभामा कांग्रेसको कुल ३८ सिट हुने देखिन्छ, जुन अघिल्लो प्रतिनिधिसभाको ८९ सिटको तुलनामा निकै कम हो । नेकपा (एमाले) को अवस्था पनि उस्तै कमजोर बनेको छ । एमालेले समानुपातिकबाट १६ सिट र प्रत्यक्षबाट नौ सिट जित्दै कुल २५ सिटमा सीमित हुने देखिन्छ । अघिल्लो प्रतिनिधिसभामा ७९ सिट रहेको एमाले यसपटक झण्डै तेब्बरले घटेको अवस्थामा पुगेको छ । नेपाली कम्युनिस्ट पार्टीले समानुपातिकबाट नौ सिट र प्रत्यक्षबाट आठ सिट जित्दै कुल १७ सिट पाउने देखिएको छ । यस्तै, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समानुपातिकतर्फ चार-चार सिट प्राप्त गर्ने देखिन्छ । प्रत्यक्षतर्फ तीन सिट जितेको श्रम संस्कृति पार्टीको कुल सात सिट हुनेछ भने राप्रपाको कुल पाँच सिट हुने अनुमान छ । यसपटकको निर्वाचनले केही नयाँ राजनीतिक शक्ति पनि जन्माएको छ । चार महिना अघि मात्र गठन भएको श्रम संस्कृति पार्टीले राष्ट्रिय दलको मान्यता पाउने गरी मत प्राप्त गर्नु आफैंमा रोचक राजनीतिक घटना हो । त्यसैगरी, केही स्थापित दल भने यसपटक संसदबाट बाहिरिनुपर्ने अवस्थामा पुगेका छन् । जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले न प्रत्यक्षतर्फ सिट जित्न सके, न त समानुपातिकमा तीन प्रतिशतको थ्रेसहोल्ड नै पार गर्न सके ।

यसरी हेर्दा आगामी प्रतिनिधिसभामा ६ वटा दलले मात्रै समानुपातिक प्रणालीबाट सिट पाउने छन् । तीमध्ये पाँच दल पुरानै हुन् भने श्रम संस्कृति पार्टी नयाँ दलका रूपमा उदाएको छ । तर निर्वाचन परिणामले दिएको सबैभन्दा ठूलो सन्देश भनेको जनताको अपेक्षा हो । मतदाताले परिवर्तन चाहेको संकेत दिएका छन् । उनीहरूले राजनीतिक दलहरूलाई अवसर दिएका छन्, तर त्यो अवसर सधैंका लागि होइन । अब चुनाव जितेका दलहरूका लागि वास्तविक परीक्षा सुरू भएको छ । जनताले दिएको विश्वासलाई सुशासन, पारदर्शिता, विकास र जनजीवनसँग जोडिएका ठोस काममार्फत प्रमाणित गर्न सके मात्र लोकतन्त्रप्रति जनविश्वास बलियो बन्नेछ । अन्यथा चुनावी उत्साह केही समयमै निराशामा बदलिन पनि सक्छ । त्यसैले अहिले सबैभन्दा ठूलो चुनौती भनेको चुनाव जित्नु होइन, जनताको भरोसा जोगाउँदै परिणाममुखी काम गरेर देखाउनु हो । लोकतन्त्रको सार पनि अन्ततः त्यही हो ।

अभूतपूर्व जनसमर्थनसँगै रास्वपाको ऐतिहासिक कार्यभार



✍ सरोज न्यौपाने

नवीन पुस्ताले गरेको असंगठित, यद्यपि शक्तिशाली विद्रोहको मागबमोजिम सम्पन्न आम निर्वाचन ऐतिहासिक रह्यो ! ऐतिहासिक 'जेन-जी' विद्रोहको पृष्ठभूमिमा सम्पन्न निर्वाचनको मतपरिणाम लगभग सार्वजनिक भइसकेको छ । धनुषा-१ को मतपरिणामसम्बन्धी विवाद अदालतमा पुगेका कारण त्यस निर्वाचन क्षेत्रबाहेकका १६४ वटै निर्वाचन क्षेत्रको परिणाम सार्वजनिक भइसकेको छ । यता समानुपातिकतर्फ पनि मतगणना अन्त्यतिर पुगेको छ ।

निर्वाचनको सार्वजनिक परिणामले नेपाली राजनीतिमा ठूलो परिवर्तनको शंखनाद गरेको छ । प्रत्यक्षतर्फ उल्लेखनीय सफलता र समानुपातिकतर्फ ऐतिहासिक जनमत प्राप्त गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुई-तिहाइ बहुमतनजिक पुगेको छ । यसको अर्थ रास्वपासँग एकल सरकार गठन गर्ने सुविधा मात्र होइन, आवश्यक परे संविधान संशोधनसम्म गर्न सक्ने राजनीतिक सामर्थ्य रहनेछ ।

तर, यो विजय केवल राष्ट्रिय स्वतन्त्र पार्टीको सफलता मात्र होइन । यो परिणाम नेपाली समाजभित्र लामो समयदेखि सञ्चित असन्तुष्टि, कुशासनप्रति विकसित हुँदै गएको विद्रोही चेत र नयाँ राजनीतिक संस्कारको खोजीको एकीकृत अभिव्यक्ति पनि हो ! अहिलेको जनादेश केवल सत्ता परिवर्तनका लागि मात्र नभई राजनीतिक संस्कार परिवर्तनका लागि पनि हो ।

नवीन पुस्ताको असंगठित विद्रोहको पृष्ठभूमि

पछिल्ला तीन दशकमा नेपाली राजनीति मूलतः एउटै वृत्तमा घुमिरह्यो । २०४६ सालको राजनीतिक परिवर्तनपछि प्रजातन्त्र पुनःस्थापित भए पनि राज्य सञ्चालनको शैलीमा अपेक्षित सुधार आउन सकेन । भ्रष्टाचार, राजनीतिक मिलिभगत, शक्ति संघर्ष, गुटबन्दी र अवसरवादले राजनीतिक नेतृत्वप्रति क्रमशः आक्रोश बढाउँदै लग्यो । राजनीतिक परिवर्तनका नाममा सरकारहरू फेरिए, तर जनताको जीवनस्तरमा अपेक्षित बदलाव आउन भने सकेन । नेतृत्वको अक्षमता, राज्यका निकायहरूमाथिको अति-राजनीतीकरण, अवसर हरूको असमान वितरण, रोजगारीको अभाव, युवा पलायन, बढ्दो आर्थिक असमानता र राज्य संरचनाप्रतिको अविश्वासले समाजमा गहिरो निराशा पैदा गऱ्यो । यही निराशाका बीच नयाँ पुस्तामा जागरण सिर्जना हुन थाल्यो । नयाँ पुस्ताले राज्यसँग आफ्नो सहभागिता र अपनत्वको सुनिश्चितता खोज्न थाल्यो । सामाजिक सञ्जाल, डिजिटल तथा वैकल्पिक मिडिया र सार्वजनिक राजनीतिक विमर्शहरूमा परिवर्तनको पक्षमा सूक्ष्म रूपले अभियानहरू चल्न थाले । परिणामतः नयाँ राजनीतिक शक्तिका रूपमा रास्वपाको उदय भयो । अहिले निर्वाचनपछि त रास्वपा एकैपटक देशको चौथो शक्तिबाट पहिलो र दुई-तिहाइ बहुमत हाराहारीको शक्तिशाली दल बन्ने स्पष्ट दिशामा आइपुगेको छ । भदौ २३ को विद्रोहलाई आत्मसात् गरेको रास्वपाका पक्षमा असाधारण जनमत प्रकट भयो ।

निर्वाचनको मुख्य सन्देश

प्रत्येक पटकका निर्वाचनले कुनै न कुनै राजनीतिक सन्देश दिन्छन् नै । हालै सम्पन्न निर्वाचनले पनि नेपाली राजनीतिलाई केही स्पष्ट सन्देश दिएको छ । त्यसमाथि संक्षेपमा चर्चा गर्नु आवश्यक छ : पहिलो, परम्परागत राजनीतिक शक्तिप्रति जनतामा गहिरो असन्तुष्टि छ । जनताको बुझाइमा परम्परागत दलहरूको सान्दर्भिकता र औचित्य समाप्त भएको छ । लामो समयदेखि राज्य सञ्चालनको बागडोर सम्हालेका दलहरूले जनताले राखेका सुशासन र समृद्धिका अपेक्षाहरू पूरा गर्न नसकेको परिप्रेक्ष्यमा उनीहरूलाई व्यापक रूपमा अस्वीकृत गरिएको छ ।

दोस्रो, नयाँ पुस्ताको राजनीतिक चेतना थप जागृत भएको छ । नयाँ पुस्ताले हालै सम्पन्न निर्वाचनलाई 'जेन-जी' विद्रोहको नयाँ मोर्चाका रूपमा ग्रहण गरे र आफ्नो मत सोहीअनुरूप जाहेर गरे । यसपटकको निर्वाचनमा युवाहरू अब केवल दर्शक मात्र होइनन्, राजनीतिक परिवर्तनका सक्रिय साक्षी हुन् भन्ने प्रमाणित समेत गरे ।

तेस्रो, जनताको मुख्य अपेक्षा अब नाराभन्दा परिणाममुखी शासन हो । सुशासन, पारदर्शिता, आर्थिक अवसर र राजनीतिक स्थायित्व जस्ता मुद्दाहरू अब राजनीतिक एजेन्डाको केन्द्रमा आएका छन् ।

चौथो, मतदाताले एकल र स्थिर सरकारको खोजी गरेका छन् । बारम्बार सरकार परिवर्तन हुने अवस्थाबाट आजित जनताले स्थायी सरकार र दूरदर्शी एवं परिवर्तित नेतृत्वको पक्षमा मतदान गरेको देखिन्छ ।

रास्वपाको ऐतिहासिक जिम्मेवारी

रास्वपाको शानदार विजयले ठूलो अवसरसँगै ठूलै जिम्मेवारी तथा चुनौती थपेको छ । नेपालको लोकतान्त्रिक इतिहासमा केही यस्ता समय आएका छन्, जहाँ जनताले कुनै एउटा शक्तिलाई असाधारण जनादेश दिएका छन् । उदाहरणका रूपमा, गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको नेपाली कांग्रेसलाई २०४८ को निर्वाचनमा, शेरबहादुर देउवाको नेतृत्वमा २०५६ को परिणाम, पुष्पकमल दाहालको नेतृत्वमा नेकपा (माओवादी केन्द्र) लाई २०६४ को संविधानसभा निर्वाचनमा र माधव-प्रचण्ड-केपी ओली नेतृत्वको नेकपालाई २०७४ को निर्वाचनमा सुविधाजनक बहुमत दिएर पठाइएका थिए ।

तर, ती ऐतिहासिक अवसरहरू आन्तरिक विवाद, शक्ति-संघर्ष, गुटबन्दी, स्वार्थ केन्द्रित राजनीति र नीतिगत अस्पष्टताले गर्दा खेर फाल्ने काम भयो । रास्वपाले अहिले प्राप्त गरेको दुई-तिहाइ हाराहारीको बहुमत पनि त्यसैको एउटा शृत्र ला हो । २०८२ मा आइपुग्दा मुलुक त्यही मोडमा उभिएको छ, जहाँ विगतको तीतो अनुभव स्मरणमा आइरहेको छ । वर्तमान रास्वपा नेतृत्वको सफलता र असफलताको दूरी र दायरा पनि धेरै छैन । सरकार गठनसँगै कैयौं विषयहरू स्पष्ट हुँदै जानेछन् ।

रास्वपा र रास्वपा सरकारका मुख्य प्राथमिकताहरू

अब बन्ने रास्वपा सरकारको मुख्य प्राथमिकता सुशासन स्थापना गर्ने नै हो । राज्यका निकायहरूलाई बलियो, प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने गरी प्राथमिकता तय गरिनुपर्छ । सार्वजनिक सेवा प्रवाहमा सुधार, डिजिटल प्रणाली विस्तार, प्रशासनिक संरचनाको सुदृढीकरणसँगै आधुनिकीकरण आवश्यक हुनेछ ।

दोस्रो, महत्त्वपूर्ण प्राथमिकता भ्रष्टाचारविरुद्ध निर्णायक कारबाही नै हुनुपर्छ । अहिलेको ताजा जनादेशले माग गरेको 'जेन-जी' विद्रोहको प्रमुख मुद्दा नै भ्रष्टाचार अन्त्य भएकाले यो सरकारले त्यसतर्फ विशेष प्राथमिकता दिनुपर्ने हुन्छ । खासगरी २०४६ पछिका हरेक उच्च पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने निर्णय अब बन्ने सरकारको पहिलो निर्णय बन्नुपर्छ ।

उक्त प्रस्ताव र निर्णयले जनतामा ठूलो आशा जागृत गर्न सक्छ । यदि यो प्रक्रिया निष्पक्ष र पारदर्शी रूपमा अघि बढाइयो भने यसले नेपालको राजनीतिक संस्कारमा ऐतिहासिक परिवर्तन ल्याउन सक्छ । मुलुकको अर्थतन्त्र र समृद्धिमा पनि ठूलो योगदान पुऱ्याउन सक्छ । तेस्रो, अक्टोबर ८ र ९ तारिखमा नेपालमा भएको 'जेन-जी' विद्रोहमाथि दमन गर्ने, किशोर-किशोरीमाथि गोली बर्साएर आम नरसंहार मच्चाउने र विद्रुप विध्वंस निम्त्याउन जिम्मेवार राजनीतिक एवं प्रशासनिक नेतृत्वलाई कार्की आयोगको प्रतिवेदनले भनेअनुसार फौजदारी अभियोगमा मुद्दा चलाउनु र उनीहरूलाई दण्डित गर्नु हुनेछ । लामो समयदेखि रहँदै आएको दण्डहीनताको घृणित खेल अब बन्द हुनुपर्छ ।

चौथो, अनेक पेचिला मुद्दाका बीच नयाँ बन्ने सरकारको अर्को प्राथमिक काम आर्थिक रूपान्तरण नै हो । नेपाल अझै पनि आयातमुखी अर्थतन्त्रमा निर्भर छ । उत्पादनमुखी अर्थतन्त्र निर्माण, कृषि आधुनिकीकरण, औद्योगिक विकास, पर्यटन विस्तार, नवप्रवर्तन र प्रविधिमा आधारित उद्यमशीलताको विकासमा केन्द्रित नीति अख्तियार गर्नुपर्छ । पाँचौं, अर्को महत्त्वपूर्ण प्राथमिकता युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु हुनेछ । रास्वपाको उदय नै नयाँ पुस्ताको आकांक्षासँग जोडिएको छ । त्यसैले नीति निर्माणदेखि प्रशासनिक संरचनासम्म युवालाई अवसर दिने नीति आवश्यक हुनेछ । छैटौं, अवसरहरूको समान वितरण सुनिश्चित गर्नु पर्नेछ । 'जेन-जी' विद्रोह हुँदै यसपटकको निर्वाचनमा प्रकट जनमतको स्पष्ट सन्देश र माग नै प्राप्त अवसरहरूको समान वितरण गर्नु हो । नेपालमा क्षेत्रीय, सामाजिक र आर्थिक असमानता अझै गहिरो छ । राज्यको विकास र अवसरहरू सीमित समूहमा केन्द्रित हुने प्रवृत्ति अन्त्य गर्न समावेशी सहभागिता र विकासको नीति आवश्यक हुनेछ ।

संविधान पुनरावलोकनको प्रश्न

नेपालको संविधान २०७२ लागू भएको करिब एक दशक पूरा भएको छ । यस अवधिमा संघीय संरचना, शासकीय प्रणाली, निर्वाचन प्रणाली लगायतका विषयमा विभिन्न अनुभवहरू प्राप्त भएका छन् । तिनै अनुभवका आधारमा संविधानका केही अन्तर वस्तुहरू पुनर्लेखन वा संशोधन गर्नुपर्ने बहस उठेको छ । यो बहस 'जेन-जी' विद्रोहका क्रममा पनि जोडतोडले उठेको हो ।

त्यसकारण संविधान संशोधन अब बन्ने रास्वपा सरकारको प्रमुख प्राथमिकता र कार्यभार दुवै हो ! राजनीतिक हिसाबले र संख्याका हिसाबले सोहीअनुसारको जनादेश रास्वपाले पाएको स्थितिमा संविधान पुनर्लेखनको काम अविलम्ब सुरु गर्नुपर्छ । यद्यपि, यो प्रक्रिया व्यापक सहमति, गम्भीर अध्ययन र जनसहभागितासहित अघि बढाइनुपर्छ ।

जनादेश खेर जान नदिनुपर्ने सावधानी

दुई-तिहाइ हाराहारीको जनादेश प्राप्त गर्नु जति ठूलो उपलब्धि हो, त्यसलाई जोगाइराख्नु त्यत्तिकै चुनौतीपूर्ण हुन्छ ।

रास्वपाले मुख्यतः तीन कुरामा ध्यान दिनुपर्नेछ :

पहिलो, पार्टीभित्र आन्तरिक एकता कायम राख्नुपर्नेछ । ठूलो जनादेश प्राप्त गर्ने दलहरू प्रायः आन्तरिक विवादका कारण कमजोर बन्ने गरेका छन् । त्यसमाथि रवि-बालेन जस्तो भीमकाय व्यक्तित्व टकरावको जोखिम पनि त्यत्तिकै छ । त्यसकारण आन्तरिक एकतालाई सुदृढ बनाएर मात्रै बाँकी कामहरू थालनी गर्नुपर्छ । दोस्रो, जनतासँग निरन्तर संवाद कायम राख्नुपर्नेछ । जनसमर्थन नै रास्वपाको सबैभन्दा ठूलो शक्ति हो । विगतका दल र सरकारहरू जनताबाट टाढिँदै गएकाले यो तहको अस्वीकार झेल्नुपरेको हो । त्यसकारण रास्वपाले जनतासँगको सम्बन्धलाई बलियो बनाउने र नवीकरण गरिरहने काम गर्नुपर्छ । तेस्रो, परिणाममुखी शासन सुनिश्चित गर्नुपर्ने ! जनताले अब राजनीतिक भाषणभन्दा ठोस परिणाम हेर्न चाहन्छन् । जनताले अनुभूति गर्ने गरी काम गर्न नसकेका दिन एमाले-कांग्रेसकै नियति झेल्नुपर्ने हुन सक्छ । आफ्ना प्रतिबद्धता पूरा गरेर परिणाम दिन नसके अर्कोपटक एमाले, कांग्रेस र नेकपाकै साइजमा ल्याउने सामर्थ्य र सुविधा जनतासँग छँदैछ ।

निष्कर्ष

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचन नेपालको राजनीतिक इतिहासमा एउटा महत्त्वपूर्ण कोशेढुङ्गा बन्न सक्ने सम्भावना छ । यो निर्वाचनले परम्परागत राजनीतिक शक्तिको वर्चस्वलाई चुनौती मात्र दिएको छैन, उनीहरूलाई व्यापक रूपमा अस्वीकार गर्दै पहिलो शक्तिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई निर्णायक हैसियतमा पुऱ्याएको छ ।

तर बारम्बार इतिहासले पुष्टि गरेको छ कि ठूलो जनादेश प्राप्त गर्नु मात्र पर्याप्त हुँदैन, त्यसलाई सही दिशामा उपयोग गर्न र परिणाम दिन सक्नु नै जनादेशको सही सम्मान हुनेछ । यदि रास्वपाले सुशासन, आर्थिक रूपान्तरण, भ्रष्टाचार नियन्त्रण र समावेशी विकासका लक्ष्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्यो भने यो जनादेश नेपालको राजनीतिक इतिहासमा नयाँ युगको सुरुवात बन्न सक्छ । नत्र भने इतिहासले फेरि अर्को विद्रोहको प्रतीक्षा गर्नुपर्ने हुन सक्छ ।

स्वास्थ्य

काठमाडौंको प्रदूषण अझै उच्च, एक्यूआई दुई सय नाघ्यो, घर बाहिर ननिस्कन आग्रह

काठमाडौं उपत्यकाको वायु प्रदूषण अझै उच्च बनेको छ । विगत केही दिनका तुलनामा प्रदूषण झनै बढेको हो । फागुन २२ गतेदेखि उपत्यकामा घाम लागिरहेको थिएन । हावा पनि लागेको छैन । चुनावका कारण केही दिन सवारी पातलो भए पनि अहिले फेरि त्यही सवारीको प्रदूषणसमेत थपिएको छ । वातावरण विभागका अनुसार केही दिनमा मौसमी प्रतिकूलताका कारण देशका विभिन्न भागमा प्रदूषणको स्तर बढ्दै गइरहेको छ । विशेषगरी काठमाडौं, पोखरालगायत देशका ठूला सहरमा मसिना कणहरु बढेको जनाइएको छ । एयर क्वालिटी इन्डेक्स (एक्यूआई) अनुसार काठमाडौं उपत्यकाको वायु गुणस्तर सूचकाङ्क निकै खराब रहेको छ । मंगलबार बिहान एक्यूआई २०१ भएको छ । सोमबार २०० रहेको थियो ।

यससँगै काठमाडौं सोमबार र मंगलबार विश्वको दोस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ । पहिलो स्थानमा मंगलबार बिहान भारतको दिल्ली रहेको छ ।

यता स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वायु प्रदूषणबाट बच्न सबैलाई आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले काठमाडौं उपत्यकामा वायु प्रदूषण बढेकाले त्यसबाट बच्न सबैलाई आग्रह गरेका हुन् ।

उनले वायु प्रदूषणबाट मुटु, रक्तनली, फोक्सो, दम, क्यान्सर, आँखा, मिर्गौला लगायतमा समस्या देखिने भएकाले सचेत रहन आग्रह गरे । मन्त्रालयका प्रवक्ता बुढाथोकीले दीर्घरोगी र गर्भवती महिलालाई समेत वायु प्रदूषणले असर गर्ने भएकाले त्यस्ता समूह सकभर बाहिर ननिस्कनसमेत अनुरोध गरेका छन् ।

वायु प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक एवं दम खोकीजस्ता श्वासप्रश्वाससम्बन्धी दीर्घरोगीलाई बढी असर गर्ने भएकाले विशेष सावधानी अपनाउनसमेत मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयले सबैलाई बिहान र बेलुका बाहिर ननिस्कन र बाहिर निस्कन परे मास्क लगाउन आग्रह गरेको छ । पुराना गाडीले वायु प्रदूषण बढाउने, वनमा डढेलो, उद्योगधन्दा र विभिन्न निर्माण सामग्रीमा भएका धुलोधुवाँका कारणले प्रदूषण बढेको उनको भनाइ छ । अझै एक हप्ता काठमाडौंमा प्रदूषण रहने मन्त्रालयले जनाएको छ । वायु प्रदूषणको कारण काठमाडौं उपत्यकाको आकाश धुम्म छ र घाम लाग्न सकेको छैन ।

प्रदूषण नियन्त्रणका लागि समयमा पूर्वतयारी आवश्यक पर्ने बताउँदै वातावरणविद् भूषण तुलाधरले घरबाट निस्कने फोहरको उचित व्यवस्थापन, डढेलो नियन्त्रण, सवारीसाधनको धुँवा परीक्षण, मापदण्डको कडाइका साथ कार्यान्वयन गर्न सके प्रदूषण नियन्त्रणमा मद्दत पुग्ने धारणा राखे ।

एक्यूआईको मापदण्डअनुसार शून्यदेखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्दछ ।

त्यस्तै, १०१ देखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेषगरी श्वासप्रश्वास तथा मुटु रोगीलाई असर गर्ने भएकाले सचेतना अपनाउन विभागका महानिर्देशक सुवेदीले आग्रह गरे ।

उनका अनुसार १५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ । यता चिकित्सकहरुले पछिल्लो समय आँखा र नाक चिलाउने समस्या लिएर अस्पताल आउनेको संख्या बढ्न थालेको बताएका छन् । चिकित्सकहरुले बाहिर सकभर ननिस्कने र निस्कनै परे मास्क तथा चस्माको प्रयोग गर्नसमेत आग्रह गरेका छन् ।

काठमाडौं उपत्यकामा गत असोजपछि पानी पर्ने सकेको छैन । क्षणिक वर्षा फाटफुट स्थानमा परे पनि त्यो फलदायी हुन सकेको छैन । आइतबार राति पनि फाटफुट वर्षा भएको थियो ।

विश्व

भारतले नेपालसँग सीमा जोडिएको क्षेत्रमा केन्द्र शासित राज्य बनाउन लागेको हो ?

भारतले नेपाल-भारत सीमा क्षेत्रमा केन्द्र शासित छुट्टै राज्य बनाउने गृहकार्य सुरू गरेको छ । बिहारको अररिया, पूर्णिया, किसनगन्ज र कटिहार जिल्ला तथा पश्चिम बंगालका केही भाग अर्थात् मालदा र उत्तर दिनाजपुरलाई मिलाएर केन्द्र शासित राज्यको रुपमा स्थापना गर्ने गृहकार्य थालेको स्रोतको दाबी छ । यो काम सन् २०२६ को बंगाल विधानसभा चुनावअघि नै सम्पन्न हुने भनिएको छ ।

उक्त क्षेत्रलाई समेटेर केन्द्र शासित राज्य बनाएमा नेपाल र बंगलादेशबाट हुनसक्ने घुसपैठ र आपराधिक गतिविधि रोक्न सकिने भारत सरकारको जिकिर छ । देशको सुरक्षाको दृष्टिकोणले सीमाञ्चल रणनीतिक रूपमा धेरै महत्त्वपूर्ण रहेको भारतीय गृहमन्त्री अमित शाहले बताएका थिए । नजिकैको 'चिकेन नेक' क्षेत्रका कारण भारत सुरक्षाको विषयमा निकै संवेदनशील देखिएको छ ।

भारतीय गृहमन्त्री शाहले नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा र व्यवस्थापनको समीक्षा गरेका छन् । गृहमन्त्री शाह भारतीय भूमि बन्दरगाह प्राधिकरणको बैठकमा पनि सहभागी भए । नेपाल-भारत सीमामा रहेको रक्सौल देशका १५ वटा भूमि बन्दरगाहमध्ये एक हो ।

यसैबिच, नेपालको पर्सा र बारा क्षेत्रमा नयाँ बस्ती र धार्मिक स्थलहरू तीव्र रूपमा बढिरहेको रिपोर्ट भारत सरकारसमक्ष पुगेको छ । सुरक्षाकर्मीहरूसँग छलफलमा भारतको सीतामढीसँग जोडिएको नेपालको रौतहटमा चिनियाँ गतिविधि बढेको दाबी गर्दै चिन्ता व्यक्त गरिएको थियो ।

भारतको सुरक्षाबारे अध्ययन अनुसन्धान गर्दै आएका एक अनुसन्धानकर्ताले भने, 'नेपालमा भइरहेको गतिविधिलाई लिएर भारत निकै चिन्तित भएको हो, त्यही भएर सीमाञ्चलमा आफ्नो सुरक्षा निगरानी बढाउन केन्द्र शासित राज्य बनाउने पहल भइरहेको छ ।' त्यसमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि 'कन्भिन्स' रहेको बताइन्छ ।

फागुनको दोस्रो साता भारतका गृहमन्त्री अमित शाह बिहार आएर यसबारे छलफल गरेका थिए । एक कार्यक्रममलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले 'घुसपैठियाहरू' पहिचान गर्न 'उच्चस्तरीय जनसांख्यिकी मिसन' सञ्चालन गर्ने घोषणा पनि गरेका थिए । बिहार, पश्चिम बंगाल र असमका मुस्लिम बाहुल्य क्षेत्रमा घुसपैठ व्यापक रुपमा भइरहेको रिपोर्ट भारत सरकारसँग छ ।

काउन्टरकरेन्टस् डट ओरजी अनलाइनमा पत्रकार अरुण श्रीवास्तवले लेखेका छन्, 'यो प्रस्तावित केन्द्र शासित प्रदेश मुख्यतया एक राजनीतिक परियोजना हो । यदि प्रशासनिक दक्षता लक्ष्य हुन्थ्यो भने यस्तो प्रस्ताव ल्याउनुअघि विस्तृत सर्वेक्षण गर्नुका साथै विकास निर्माणको परियोजनाको बारेमा पनि चर्चा हुन्थ्यो तर हालसम्म त्यस्तो देखिएको छैन ।'

खासगरी केन्द्र शासित राज्यहरू सुशासनको दक्षताका लागि र विशिष्ट सांस्कृतिक पहिचान जोगाउनका लागि बनाइएका हुन्छन् । विदेश मामिलाका जानकार अरुण सुवेदीले चिकेन नेक तथा बढ्दो अन्तर्राष्ट्रिय भूराजनीतिका कारण भारतले बिहार, पश्चिम बंगाल र दार्जिलिङका केही भाग मिलाएर केन्द्र शासित राज्य बनाउन लागेको बताए ।

कर्णालीमा समानुपातिक तर्फ कांग्रेस पहिलो,रास्वपा दोस्रो



काँक्रेविहार संवाददाता
सुर्खेत, २७ फागुन

प्रत्यक्षतर्फ कर्णाली प्रदेशका १२ मध्ये पाँच वटा निर्वाचन क्षेत्रमा जित हात पारेर पहिलो भएको नेपाली कांग्रेस समानुपातिक मतमा पनि पहिलो भएको छ । १० वटै जिल्लाको मतगणना सकिएर नतिजा आउँदा कांग्रेसले प्रदेशभरबाट कुल एक लाख ४१ हजार २ सय ३३ मत पाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दोस्रो भएको छ ।

रास्वपाले कर्णालीबाट समानुपातिकतर्फ एक लाख ३३ हजार ७ सय ४९ मत पाएको छ । नेकपा (एमाले) तेस्रोमा झरेको छ । एमालेले एक लाख २० हजार ८ सय ६३ मत पाएको छ । २०७९ को निर्वाचनमा कर्णालीबाट समानुपातिकतर्फ एमाले पहिलो भएको थियो । यो चुनावमा उसलाई कांग्रेस र रास्वपाले उछिनेका छन् । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले एक लाख सात हजार १ सय १ मत पाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले १५ हजार ७ सय ५५ मत पाउँदा अन्य दलको मत १० हजारभन्दा न्यून रहेको छ ।

समानुपातिक तर्फको मतको आधारमा जिल्लागत नतिजा हेर्दा नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी तीन/तीन वटा जिल्लामा पहिलो भएका छन् । नेकपाले प्रत्यक्षतर्फ चार वटा क्षेत्रमा विजय हासिल गरेको छ । रास्वपा दुई वटा जिल्लामा पहिलो भएको छ । प्रत्यक्षतर्फ भने उसले एउटा क्षेत्र मात्रै जितेको छ । एमाले दुई वटा जिल्लामा समानुपातिकतर्फ पहिलो भएको छ । उसले प्रत्यक्षमा पनि प्रदेशभरबाट एउटा क्षेत्र जितेको छ । प्रदेश निर्वाचन कार्यालयका अनुसार समानुपातिकतर्फको मतपरिणाम अनुसार सुर्खेतमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो दल बनेको छ ।

रास्वपाले समानुपातिकतर्फ ५४ हजार २ सय २६ मत प्राप्त गरेको छ । दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले कुल ३७ हजार ७ सय ४३ मत पाएको छ । नेकपा (एमाले) समानुपातिकतर्फ जिल्लामा तेस्रो भएको छ । उसले २८ हजार ९ सय १४ मत प्राप्त गरेको छ । नेपाली कम्युनिस्ट पार्टीले सात हजार ९६ मत पाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन हजार २ सय ७४ र श्रम संस्कृति पार्टीले तीन हजार २ सय २३ मत प्राप्त गरेका छन् ।

समानुपातिकतर्फ दैलेखमा नेकपा (एमाले) पहिलो बनेको छ । एमालेले २३ हजार ७ सय ३७ मत पाएको छ। दोस्रो स्थानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले २० हजार ५ सय ९१ मत पाएको छ ।

नेपाली कांग्रेसले २० हजार २७ मत पाएर तेस्रो भएको छ । नेपाली कम्युनिस्ट पार्टीले छ हजार ३ सय २९ मत मात्रै पाएको छ । नेपाल मजदुर किसान पार्टीले दुई हजार ४ सय २० तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले एक हजार ४ सय २२ मत पाएका छन् । सल्यानमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो भएको छ । समानुपातिकतर्फ २५ हजार ६ सय ६५ मत प्राप्त गर्दै रास्वपा पहिलो दल बनेको हो । नेपाली कम्युनिस्ट पार्टीले २० हजार ३ सय ३९, नेपाली कांग्रेसले १६ हजार ६९, एमालेले १४ हजार ९२ र राष्ट्रिय प्रजातन्त्र पार्टीले एक हजार ४ सय ३० मत पाएका छन् । डोल्पामा प्रत्यक्षतर्फ पराजित भए पनि समानुपातिकतर्फ नेकपा (एमाले) पहिलो भएको छ । उसले चार हजार ९ सय ४४ मत पाएको छ । प्रत्यक्षतर्फ चुनाव जितेको नेपाली कम्युनिस्ट पार्टीले समानुपातिकतर्फ चार हजार ७०७ मत पाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले तीन हजार १ सय २ मत पाउँदा नेपाली कांग्रेसले दुई हजार ५९५ मत पाएको छ ।

जुम्लामा प्रत्यक्षतर्फ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले जिते पनि समानुपातिकतर्फ नेपाली कम्युनिस्ट पार्टी पहिलो दल बनेको छ । उसले समानुपातिकमा १० हजार २ सय २ मत पाएको छ । कांग्रेस नौ हजार ३ सय ६० मतसहित दोस्रो हुँदा राप्रपाले छ हजार ५ सय ५२, एमालेले छ हजार २९ र रास्वपाले पाँच हजार १ सय १८ मत पाएका छन् । कालीकोटमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फ नेपाली कम्युनिस्ट पार्टी पहिलो दल भएको छ । समानुपातिकमा नेकपाले ११ हजार १ सय ८९ मत पाएको छ । एमालेले नौ हजार ५ सय २०, कांग्रेसले सात हजार ७ सय ५४, रास्वपाले पाँच हजार एक सय, राप्रपाले एक हजार १ सय ९५ मत पाएका छन् । हुम्लामा नेपाली कांग्रेस पहिलो दल भएको छ । कांग्रेसले समानुपातिकमा सात हजार ९ सय १५ मत पाएको छ । नेपाली कम्युनिस्ट पार्टीले छ हजार २ सय ३१, एमालेले पाँच हजार २ सय ८० र रास्वपाले दुई हजार ३५ मत पाएका छन् । जाजरकोटको समानुपातिक मतमा नेपाली कांग्रेस पहिलो भएको छ । प्रत्यक्षतर्फ पनि जितेको कांग्रेसले समानुपातिकतर्फ ११ हजार ८५ मत पाएको छ । नेपाली कम्युनिस्ट पार्टीले १० हजार ३ सय २ मत पाउँदा एमालेले नौ हजार ३ सय ४९ मत पाएको छ । रास्वपाले पनि दुई हजार ९ सय ४० मत पाएको छ । रुकुमपश्चिममा नेपाली कम्युनिस्ट पार्टी समानुपातिक मतमा पहिलो भएको छ ।

नेकपाले २० हजार ३६ मत पाएको छ । कांग्रेसले १५ हजार १ सय ८१ मत पाउँदा रास्वपाले १० हजार १ सय ४९ मत पाएको छ । प्रगतिशील लोकतान्त्रिक पार्टीले सात हजार २ सय ७ मत पायो । एमालेले पाँच हजार ८ सय ४७ मत पाएको छ । प्रत्यक्षतर्फ नेपाली कांग्रेसले जितेको मुगुको समानुपातिक मतमा कांग्रेस नै पहिलो भएको छ । उसले सात हजार २ सय ७१ मत पाएको छ । एमालेले छ हजार ४१ मत पाउँदा नेपाली कम्युनिस्ट पार्टीले चार हजार ६ सय ५० र राष्ट्रिय स्वतन्त्र पार्टीले दुई हजार १ सय १० मत पाएको छ ।

बाघको आक्रमणले स्थानीय त्रसित

काँक्रेविहार संवाददाता
सल्यान, २७ फागुन

बाघको आक्रमणका घटना बढ्दै जाँदा स्थानीय बासिन्दाहरु त्रसित भएका छन् यसै क्रममा जिल्लाको शारदा नगरपालिका-९ सुनचौर क्षेत्रमा बाघले आठ वटा भेडा-बाख्रा मारेको छ । स्थानीयका अनुसार चरिचरणका लागि जङ्गल लगिएका पशुचौपायामाथि बाघले आक्रमण गर्दा ६ वटा बाख्रा र २ वटा भेडा मरेका हुन् । जिल्ला समन्वय समिति सल्यानका सदस्य तथा स्थानीय बासिन्दा चेतन गिरिले सुनचौरका विभिन्न किसानका पशुचौपाया बाघको आक्रमणमा परेको जानकारी दिए ।

उनका अनुसार पसिंह पुनका एउटा बाख्रा तथा दलबहादुर पुनका दुई वटा भेडा बाघले मारेको हो । स्थानीय ज्योति पुनका अनुसार चरिचरणका लागि जंगल लगिएका बाख्रा अबेरसम्म घर नफर्किएपछि गाउँलेहरू खोजीमा गएका थिए । खोजीका क्रममा जंगलमा बाघले मारेको अवस्थामा पशुचौपाया फेला परेका थिए। गाउँलेहरूले घटनास्थलमा बाघकै आक्रमण भएको



बताएका छन् ।

गमबहादुर पुनका अनुसार स्थानीयहरू घटनास्थल पुग्दा बाघले मारेका बाख्रा खाँदै गरेको देखिएको थियो। मानिसहरू पुगेपछि बाघ जंगलतिर भागेको उनले बताए । पछिल्लो समय सल्यान जिल्लाका विभिन्न स्थानमा बाघ तथा चितुवा देखिएको भन्दै स्थानीयहरूले जानकारी दिन थालेका छन् । यसले ग्रामीण क्षेत्रका बासिन्दामा डर र असुरक्षा बढाएको स्थानीय बताएउछन् ।

पशुचौपाया चराउन जंगल लैजान, घाँस-दाउरा संकलन गर्न जंगल जान तथा एक्लै हिँडडुल गर्नसमेत स्थानीयहरू त्रसित बनेका छन् । यसअघि केही समयअघि कालिमाटी क्षेत्रमा पनि बाघको आक्रमणबाट तीन जनाले ज्यान गुमाएको घटना सार्वजनिक भएको थियो । मानवमाथि समेत आक्रमण हुन थालेपछि स्थानीय बासिन्दाले जंगली जनावर नियन्त्रण तथा सुरक्षा व्यवस्थाका लागि सम्बन्धित निकायसँग माग गर्दै आएका छन्।

यसका साथै जिल्लाका विभिन्न गाउँमा बँदेल, दुम्सी, खरायो लगायतका जंगली जनावरले खेतबालीमा समेत क्षति पुऱ्याउँदै आएका छन् । किसानहरूले लगाएको मकै, आलु, गहुँ लगायतका बाली नष्ट हुने समस्या बढ्दै गएको छ ।

स्थानीय बासिन्दाले जङ्गली जनावरको बढ्दो आक्रमण नियन्त्रण गर्न वन कार्यालय तथा सम्बन्धित निकायले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने माग गरेका छन् । साथै पशुचौपाया तथा मानव सुरक्षाका लागि उचित व्यवस्थापन गर्नुपर्ने उनीहरूको भनाइ छ ।

बिरुवा उत्पादनपछि कृषकलाई सहज

काँक्रेविहार संवाददाता
हुम्ला, २७ फागुन

कृषि विकास कार्यालय हुम्लाले स्याउ र ओखरका बिरुवा वितरण गरेको छ । जिल्लाका कृषकसँग सम्झौता भए अनुसार जिल्ला कृषि विकास कार्यालय हुम्लाबाट स्याउ तथा ओखरका बिरुवा वितरण गर्दै आएको कृषि विकास कार्यालय हुम्लाका प्रमुख चूडामणि पन्तले जानकारी दिए । विगतका वर्षमा जिल्लाबाहिरबाट खरिद गर्दै हुम्लामा आइपुग्ने गरेको भए पनि केही समययता हुम्लाकै विभिन्न कृषि फार्मबाट खरिद गरी जिल्लाकै कृषकलाई सहुलियत दरमा बिक्री गर्ने गरेको उनले बताए ।

उनका अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि कृषि विकास कार्यालय हुम्लाले सात हजार ओखरका बोट र छ हजार स्याउका बोट खरिद गरी कृषकलाई अनुदान रकममा बिक्रीवितरण गरिएको हो । स्याउ तथा ओखर विकास कार्यक्रम र स्याउ तथा ओखर बगैंचा स्थापना तथा विकास कार्यक्रम अन्तर्गत कृषि विकास कार्यालय हुम्लाले १० लाख रुपियाँ बराबरको विनियोजित बजेटमार्फत हुम्लाका ६० वटा कृषि फार्मसँग गत माघमा सम्झौता भएको थियो ।

सो सम्झौता अनुसार यतिबेला चंखेलीमा रहेको बागवानी विकास केन्द्र धार्मा देउलीबाट ५ सय ५० स्याउ र ३ सय ५० ओखरका बिरुवा खरिद गरिएको थियो । अन्य बाँकी बोट सर्केगाड, खार्पुनाथ र नाम्खा गाउँपालिकाका कृषकसँग खरिद गरिएको थियो । बोट खरिदपछि जिल्ला कृषि विकास कार्यालय हुम्लाले विभिन्न गाउँपालिकामा रहेका कृषि शाखासँग समन्वय गरेर वितरण कार्य सञ्चालन गरिएको थियो ।

जिल्लाको ताँजाकोट, अदानचुली, चङ्गे ली र सर्केगाड गाउँपालिकालाई केही समयअगाडि पालिकाकै समन्वयमा बिक्रीवितरण गरिएको भए पनि माथिल्लो क्षेत्रका नाम्खा, सिमकोट र खार्पुनाथ गाउँपालिकाका कृषकलाई भने यतिबेला दैनिक बिरुवा लिन आउनेको घुइँचो लाग्न थालेको छ । प्रतिफार्मलाई पाँच सय ओखर र एक हजार स्याउका बोट दिने गरेको प्रमुख पन्तको भनाइ छ । प्रतिबोट स्याउको १ सय ३० र ओखरको ५ सय ५० रुपियाँमा बिक्री गर्ने गरेको कृषि विकास कार्यालय हुम्लाले जनाएको छ ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

विषय: दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना

सूचना नं. ०२/२०८२/०८३
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।११।२८)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाई तथा स्वच्छता, खानेपानी, सिचाईं र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्ने कार्य गर्न ठाटीकाँध गाउँपालिकामा परियोजना कार्यान्वयन इकाईमा रहेर कामकाज गर्न तपसिल अनुसारको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट निम्न पदहरूको लागि रीतपूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त साथ संलग्न गर्नु पर्ने

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको)
- नागरिकता, शैक्षिक प्रमाणपत्र, तालिम सम्बन्धी प्रमाणपत्र तथा कार्यानुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपी
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी

तपसिलः

क) आवश्यक पदहरू र न्यूनतम योग्यता:

वि.नं.	पद	तह/संख्या	कार्यस्थल	न्युनतम शैक्षिक योग्यता तथा कार्य अनुभव
०४—२०८२/०८३	जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत	अधिकृतस्तर छैटौं तह/पदसंख्या १(एक) जना	गाउँ कार्यपालिकाको कार्यालय	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त।
०५—२०८२/०८३	सब-ईन्जिनियर	सहायकस्तर पाँचौ तह/१ (एक) जना	गाउँ कार्यपालिकाको कार्यालय	मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त।
०६—२०८२/०८३	जलस्रोत प्राविधिक	सहायकस्तर चौथो तह/पदसंख्या १(एक) जना (आबश्यकताका आधारमा थप गर्न पनि सकिने)	वडा कार्यालय वा योजना क्षेत्र	सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस.इ.इ./एस.एल.सी. वा मान्यता प्राप्त शैक्षिक संस्था र परियोजनाबाट कम्तीमा ३० दिने खा.पा.स.टे. तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव।
०७—२०८२/०८३	सामाजिक परिचालक	सहायकस्तर चौथो तह/पदसंख्या १(एक)जना (आबश्यकताका आधारमा थप गर्न पनि सकिने)	वडा कार्यालय वा योजना क्षेत्र	एस.इ.इ./एस.एल.सी. वा सो सरह/ खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन, योजना तर्जुमा आदिमा कम्तीमा २ वर्षको अनुभव।

ख) अन्य विवरण:

- पहिलो पटक सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेखमा कार्यालय समयभित्र बुझाउनु पर्नेछ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।
- कर्मचारीहरू परियोजना कार्य अवधिको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा नवीकरणको सम्भावना सहित) नियुक्त गरिनेछ।
- स्थानीय व्यक्तिहरू, महिला, दलित तथा पछाडि परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले कुनै कारण खुलाई वा नखुलाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका ठाटीकाँध गाउँपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न ठाटीकाँध गाउँपालिकाको वेभ पेज www.thatikandhmun.gov.np र LACC परियोजनाको वेभ पेज www.laccp.org.np बाट डाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचा बाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तरको लागि रु. १०००।—(अक्षरेपि एक हजार मात्र), सहायक पाँचौस्तरको लागि रु. ५००।—(अक्षरेपि पाँचसय मात्र) र सहायक चौथोको लागि रु. ३००।—(अक्षरेपि तीनसय मात्र)। दरखास्त दस्तुर ठाटीकाँध गाउँपालिकाको आन्तरिक खाता नं. २७३०२४८८८५५००००८ मा बैंक दाखिला गरी सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ ।

काँक्रेविहार राष्ट्रिय दैनिक
बिहीवार, २८ फागुन, २०८२
Thursday, 12 Mar. 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

दर्जनौ उम्मेदवारको जमानत जफत

काँक्रेविहार संवाददाता
सुर्खेत, २७ फागुन

कर्णाली प्रदेशमा ९० जना उम्मेदवार जमानत जोगाउन असफल भएका छन्। उम्मेदवारी दिएका कुल १ सय ३८ जनामध्ये ९० जना उम्मेदवारले जमानत जोगाउन सकेका छैनन्।

प्रदेश निर्वाचन कार्यालय सुर्खेतका अनुसार सबैभन्दा धेरै सुर्खेत-२ मा १४ जना, सुर्खेत-१ मा १० जना र सल्यानमा १० जना रहेका छन्। दैलेख-१ मा छ, २ मा सात, जाजरकोटमा आठ, रुकुमपश्चिममा ९

कालीकोटमा ६ जुम्लामा ६ डोल्पामा ६ मुगुमा ४ र हुम्लामा ४ जना गरी कुल ९० जना उम्मेदवार जमानत जोगाउन असफल भएका छन्। प्रदेश निर्वाचन अधिकारी लालबहादुर गुरुङले सदर मतको १० प्रतिशत कटाउन नसक्दा धरौटीबापतको रकम जफत भएको जनाए। कर्णाली प्रदेशमा १२ निर्वाचन क्षेत्रबाट १२ जना विजयी हुनुका साथै रास्वपा, कांग्रेस, एमाले, नेकपाका उम्मेदवारले जमानत जोगाउन मत ल्याएर बचेको र अन्य उम्मेदवार जमानत जोगाउन असफल भएका प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। कालीकोटमा प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२ मा कालीकोट जिल्लाबाट प्रत्यक्ष चुनाव लडेका दलमध्ये चार जनाले जमानत जोगाउन सफल भएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सहित ६ जना उम्मेदवारको भने धरौटी जफत भएको छ। दुई स्वतन्त्रसहित आठ दलबाट १० जना चुनावी मैदानमा भए पनि चार दलका उम्मेदवारले मात्र धरौटी जोगाएका छन् ।

जिल्ला निर्वाचन कार्यालय कालीकोटका निर्वाचन अधिकारी विश्वमङ्गल शर्माले चार दलले धरौटी जोगाएको बताए। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का महेन्द्रबहादुर शाहीले सबैभन्दा बढी मत ११ हजार ७३४ मत प्राप्त गरी विजयी भए। नेकपा (एमाले) का नगिन्द्र शाही नेसनलले १० हजार ६ सय ४७ मत, नेपाली कांग्रेसका हर्षबहादुर बमले सात हजार ४ सय ५० र नेकपा माओवादीका खड्कबहादुर विश्वकर्मा प्रकाण्डले ४ हजार ९ सय ९३ मत प्राप्त जमानत जोगिएको छ ।

धरौटी जोगाउनका लागि तीन हजार ९ सय ३८ मत ल्याउनु पर्छ । जमानत जफत हुने उम्मेदवारले मत नै कटाउन सकेनन्। सल्यानमा प्रतिनिधि सभा सदस्य निर्वाचनमा ४ जनाले जमानत जोगाएका छन्।

१० जना उम्मेदवारको धरौटी जफत भएको छ । कुल सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको धरौटी फिर्ता नहुने कानुनी प्रावधान अनुसार उनीहरूको धरौटी जफत भएको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय सल्यानका अनुसार निर्वाचनमा खसेको ८३ हजार १ सय ६७ मतमध्ये ७९ हजार ७ सय ९ मत सदर भएको छ भने तीन हजार ४ सय ५८ मत बदर भएको छ ।

सदर मतको १० प्रतिशतका आधारमा उम्मेदवारले कम्तीमा ७ हजार ९ सय ७१ मत प्राप्त गर्नुपर्ने व्यवस्था छ । प्राप्त मतपरिणाम अनुसार चार जना उम्मेदवारले मात्र उक्त सीमा पार गर्दै आफ्नो धरौटी जोगाउन सफल भएका छन् ।

नेपाली कम्युनिस्ट पार्टीका रमेशकुमार मल्ल २३ हजार १८९ मतसहित विजयी भएका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टीका ललितकुमार चन्दले २० हजार ९ सय ४ मत, नेपाली कांग्रेसका केशबहादुर विष्टले १७ हजार ५सय ५८ मत र नेकपा (एमाले) का गुलाबजङ्ग शाहले १५ हजार ३ सय ७३ मत प्राप्त गर्दै धरौटी जोगाएका छन् ।

नेकपा (माओवादी) का चन्द्रबहादुर खड्का, राष्ट्रिय प्रजातन्त्र पार्टीकी अनिमा नेपाली, नेसनल रिपब्लिक नेपालका डिल्लीबहादुर घर्ती, श्रम संस्कृति पार्टीका धनबहादुर बुढामगर, स्वतन्त्र उम्मेदवार युवराज वलीको जमानत जोगिएन ।

राष्ट्रिय जनमोर्चाकी कमला डाँगी, संयुक्त नागरिक पार्टीका कालिदास विक, नेपाल मजदुर किसान पार्टीका लालबहादुर थापा क्षेत्री, मङ्गोल नेसनल अर्गनाइजेसनका बालासिंह घर्ती र स्वतन्त्र उम्मेदवार जुद्धबहादुर सिंहले जमानत जोगाउन सकेनन्। उम्मेदवारले धरौटीबापत १० हजार रुपियाँ बुझाएका थिए ।

समानुपातिक मतगणना सकियो :

६ दललाई राष्ट्रिय मान्यता, रास्वपा सबैभन्दा ठूलो

काँक्रेविहार संवाददाता
काठमाडौं, २७ फागुन

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना पनि सम्पन्न भएको छ । निर्वाचन आयोग का अनुसार खसेको मतमध्ये १ करोड ७ लाख ६९ हजार ५ सय ४३ मत सदर हुँदा ६ वटा राजनीतिक दलले राष्ट्रिय दलको मान्यता प्राप्त गर्दै समानुपातिक सिट हासिल गरेका छन्।

सदर मतको आधारमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५१ लाख ५४ हजार ९ सय ४८ मत अर्थात् ४७.८ प्रतिशत मत प्राप्त गर्दै पहिलो स्थानमा रहेको छ। त्यस्तै नेपाली कांग्रेस ले १७ लाख ५५ हजार ४७९ मत (१६.२ प्रतिशत), नेकपा एमाले ले १४ लाख ५२ हजार ६ सय ३७ मत (१३.४ प्रतिशत) प्राप्त गरेका छन्। यसैगरी नेपाल कम्युनिस्ट पार्टी ले ८ लाख ९ हजार ५३० मत (७.५ प्रतिशत), श्रम संस्कृति पार्टी ले ३ लाख ८५ हजार ७०८ मत (३.५ प्रतिशत) र राष्ट्रिय प्रजातन्त्र पार्टी ले ३ लाख ३० हजार २२७ मत (३ प्रतिशत) प्राप्त गरेका छन्।

थ्रेसहोल्ड पार गरेका यी ६ दलको मतका आधारमा ११० समानुपातिक सिट बाँडफाँट गर्दा रास्वपाले ५७ सिट पाउने देखिएको छ। कांग्रेसले २० सिट, एमालेले १६ सिट, नेपाल कम्युनिस्ट पार्टीले ९ सिट, श्रम संस्कृति पार्टीले ४ सिट र राप्रपाले ४ सिट पाउने अनुमान गरिएको छ।

पुराना दलको मत घट्यो

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा समानुपातिकतर्फ सबैभन्दा बढी मत ल्याएको एमालेले यसपटक करिब ४९ प्रतिशत मत गुमाएको छ। अघिल्लो निर्वाचनमा २८ लाख ४५ हजार ६४१ मत ल्याएर ३४ सिट जितेको एमाले यसपटक १६ सिटमा सीमित हुने देखिएको छ।

कांग्रेसले पनि अघिल्लो निर्वाचनमा २७ लाख १५ हजार २२५ मत प्राप्त गरी ३२ सिट जितेकोमा यसपटक मत झन्डै ३५ प्रतिशतले घटेको छ र सिट संख्या २० मा झरेको छ। नेपाल कम्युनिस्ट पार्टी र राप्रपाको मत तथा सिट संख्या पनि अघिल्लो निर्वाचनको तुलनामा घटेको देखिएको छ।

रास्वपाको ठूलो छलाङ

रास्वपाले अघिल्लो निर्वाचनमा ११ लाख ३० हजार ३४४ मत प्राप्त गर्दै १३ समानुपातिक सिट जितेको थियो। तर यसपटक उसले ४० लाखभन्दा बढी मत थप्दै ५७ सिट पुऱ्याएको छ। यस निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ पनि उल्लेखनीय सफलता हासिल गरेको छ। अघिल्लो निर्वाचनमा ७ सिट जितेको रास्वपाले यसपटक १२५ सिट जितेको छ। त्यस्तै कांग्रेस अघिल्लो निर्वाचनमा ५७ सिट जितेकोमा यसपटक १८ सिटमा सीमित भएको छ भने एमाले ४४ सिटबाट घटेर ९ सिटमा पुगेको छ। नयाँ दलका रूपमा उदाएको श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ ३ सिट जितेको छ।

संसदको अन्तिम अवस्था

समानुपातिक र प्रत्यक्ष दुवै परिणाम जोड्दा २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाले १८२ सिट जितेको छ, जुन दुईतिहाइ बहुमत (१८४) भन्दा दुई सिट कम हो। कांग्रेसले ३८ सिट, एमालेले २५ सिट, नेपाल कम्युनिस्ट पार्टीले १७ सिट, राप्रपाले ५ सिट तथा श्रम संस्कृति पार्टीले ७ सिट जितेका छन्। म्याग्दीबाट स्वतन्त्र उम्मेदवार महावीर पुन पनि प्रतिनिधिसभामा निर्वाचित भएका छन्।

बाटोमै सुत्केरी हुनु पर्ने बाध्यता



काँक्रेविहार संवाददाता
बाजुरा, २७ फागुन

बाजुराका दुर्गम बस्तीका धेरै गर्भवती महिलाले अहिले पनि स्वास्थ्य संस्थासम्म समयमै पुग्न नसक्दा बाटोमै बच्चा जन्माउनुपर्ने बाध्यता भोगिरहेका छन्। भौगोलिक विकटता र स्वास्थ्य सेवामा सहज पहुँच नहुँदा यस्तो समस्या बारम्बार देखिने गरेको छ।

यहाँका विभिन्न पालिका र वडामा आधारभूत स्वास्थ्य संस्था स्थापना भए पनि ती संस्थासम्म पुग्न गर्भवती महिलालाई चारदेखि पाँच घण्टासम्म हिँड्नुपर्ने अवस्था रहेको स्थानीय बताउँछन्। यही कारण कतिपय महिलाले स्वास्थ्य संस्था पुग्नुअघि नै बाटोमै शिशु जन्माउनुपर्ने अवस्था सिर्जना हुने गरेको छ।

सोमबार स्वामीकार्तिक खापर गाउँपालिका-२ फयालगाउँ भैंसेडाँडाकी २६ वर्षीया डोइला भण्डारी ले स्वास्थ्य संस्था पुग्नुअघि नै बाटोमै छोरीलाई जन्म दिएकी हुन्। सुत्केरी गराउनका लागि बिहान घरबाट हिँडेकी भण्डारीलाई बाटोमै बेथा लागेपछि स्वास्थ्य संस्थासम्म पुग्न नसकेको परिवारले जनाएको छ।

त्यसपछि आफन्तले फयालगाउँस्थित आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी विष्णु रोकाया लाई फोन गरेर घटनास्थलमा बोलाएका थिए। स्वास्थ्यकर्मी रोकायालाई त्यहाँ पुग्न करिब दुई घण्टा लागेको थियो। उनले भण्डारीलाई स्लाइन लगाएपछि भण्डारीले बाटोमै छोरीलाई जन्म दिएकी थिइन्।

भण्डारीका अनुसार स्वास्थ्य संस्था पुग्ने क्रममा अचानक बेथा सुरु भएपछि आफन्तले स्वास्थ्यकर्मीलाई बोलाएका थिए। स्वास्थ्यकर्मी आएर परीक्षण तथा उपचार गरेपछि आफूले सुरक्षित रूपमा बच्चा जन्माउन सकेको उनले बताइन्। हाल आमा र शिशु दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको छ। यसअघि पनि बाजुराका विभिन्न ठाउँमा यस्तै घटना दोहोरिने गरेका छन्। गत वर्ष कमला कठायतसहित तीन जना महिलाले बाटोमै शिशु जन्माएका थिए। केही वर्षअघि बुढीनन्दा गाउँपालिका-४ कुरुकी पानसरा रोकाया, खप्तड छेडेदह गाउँपालिका-२ काँडाकी उज्जली सुनार, गौमूल गाउँपालिका-३ माझपालीकी भाग्य चदारा र हिमाली गाउँपालिका-१ बामुकी नानी रोकायाले पनि बाटोमै बच्चा जन्माएका उदाहरण छन्। त्यस्तै हिमाली गाउँपालिका-२ नातीखोलाकी पार्वती बुढा, स्वामीकार्तिक खापर गाउँपालिका-१ मुक्तिकोटकी कार्तिका विक र बुढीगंगा नगरपालिका-७ सिमलकोटकी सिर्जना केसीले पनि स्वास्थ्य संस्था पुग्न नसक्दा बाटोमै सुत्केरी भएका थिए।

बाजुरामा बाटोमै सुत्केरी हुने घटनाको यकिन तथ्याङ्क नभए पनि वर्षमा चारदेखि पाँच जना गर्भवती महिलाले यस्तो समस्या भोग्ने गरेको स्थानीय स्वास्थ्यकर्मीहरू बताउँछन्। गर्भवती महिलाका लागि सरकारले हवाई उद्धार कार्यक्रम सञ्चालन गरे पनि दुर्गम क्षेत्रका लागि त्यो प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको स्थानीयको गुनासो छ।

नयाँ संसदमा विज्ञ र उच्चशिक्षित अनुहार

काँक्रेविहार संवाददाता
काठमाडौं, २७ फागुन

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि गठन हुने नयाँ संसद्मा विभिन्न क्षेत्रका विज्ञ, प्राज्ञिक तथा उच्चशिक्षित व्यक्तिहरूको उल्लेख्य उपस्थिति देखिएको छ। प्रत्यक्षतर्फका १६५ सिटमध्ये विभिन्न क्षेत्रका विशेषज्ञ पृष्ठभूमि भएका उम्मेदवारहरू विजयी भएका छन्। यसपटकको संसद्मा विद्यावारिधि (पीएचडी) गरेका ९ जना सांसद निर्वाचित भएका छन्। तीमध्ये ८ जना राष्ट्रिय स्वतन्त्र पार्टी बाट र १ जना नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट निर्वाचित भएका छन्।

रास्वपाबाट पीएचडीधारी सांसदमा स्वर्णिम वाग्ले (तनहुँ-१), कृष्णहरि बुढाथोकी (रामेछाप), अमरेशकुमार सिंह (सर्लाही-४), विक्रम तिमिल्सिना (नुवाकोट-१), अच्युतम लामिछाने (नुवाकोट-२), धनञ्जय रेग्मी (स्याङ्जा-१), आनन्दबहादुर चन्द (कैलाली-५) र ताराप्रसाद जोशी (डडेलधुरा-१) निर्वाचित भएका छन्। एमालेबाट अर्जुनकुमार कार्की संखुवासभाबाट विजयी भएका छन्।

नयाँ संसद्मा स्वास्थ्य, विज्ञान, इन्जिनियरिङ, अर्थशास्त्र, विकास, शिक्षा, कूटनीति तथा प्रविधि क्षेत्रका विज्ञहरूको पनि प्रतिनिधित्व देखिएको छ। न्युरोलोजीका चिकित्सक लेखजंग थापा, संरचनात्मक इन्जिनियर सुनील लम्साल, कम्प्युटर इन्जिनियर अरविन्द साह तथा यातायात पूर्वाधार विज्ञ आशिष गजुरेल जस्ता व्यक्तिहरू विभिन्न क्षेत्रबाट राजनीतिमा सक्रिय भएका छन्।

अर्थशास्त्र र सार्वजनिक नीतिको क्षेत्रमा सुशान्त वैदिक र शिशिर खनाल जस्ता व्यक्तिहरूको अनुभव पनि संसद्मा उपयोग हुने अपेक्षा गरिएको छ। त्यस्तै विज्ञान तथा प्रविधि क्षेत्रमा योगदान पुऱ्याएका महावीर पुन जस्ता व्यक्तित्वको उपस्थितिले संसद्मा अनुसन्धान, नवप्रवर्तन र विकाससम्बन्धी बहसलाई थप बल पुग्ने अपेक्षा गरिएको छ। विश्लेषकहरूका अनुसार नयाँ संसद्मा विभिन्न क्षेत्रका विज्ञहरूको सहभागिताले नीति निर्माण, विकास योजना र शासन प्रणालीमा प्राविधिक तथा तथ्यमा आधारित बहस बढ्ने विश्वास गरिएको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

आफन्तदेखि...

टंक विकले घटनाले परिवारलाई अपूरणीय क्षति पुगेको बताउँदै दोषीलाई कडा कारबाही गर्नुपर्ने बताए। क्रूर घटनालाई राजनीतिकरण नगरी पीडितलाई न्याय दिन सबै निकाय जिम्मेवार बन्नुपर्ने उनको तर्क छ।

पीडित पक्षको मागपत्र

बुइदै प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्यायले घटनाबारे अनुसन्धान जारी रहेको र निष्पक्ष रूपमा सत्यतथ्य सार्वजनिक गरिने बताए। घटनाको गम्भीरताका साथ अनुसन्धान भइरहेको भन्दै दोषी कुनै पनि हालतमा नछुट्ने उनको भनाइ छ। इनिसा फागुन २३ गते बिहान वीरेन्द्रनगर-४ स्थित शहीद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी थिइन्। उनलाई प्रहरीले प्रदेश अस्पताल कालागाउँ पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। मृतकका आफन्तहरूले सामूहिक बलात्कारपछि हत्या भएको भन्दै फागुन २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएका छन्।

थप अनुसन्धान जारी

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता डीएसपी मोहनजंग बुढथापाले प्रारम्भिक अनुसन्धानले बलात्कारपछि मृत्यु भएको देखाए पनि थप अनुसन्धान भइरहेको बताए। सामूहिक बलात्कार भएको हो कि होइन भन्ने विषयमा अनुसन्धान भइरहेको उनको भनाइ छ ।

उनका अनुसार घटनामा संलग्न भएको आशंकामा चार जनालाई पक्राउ गरिएको छ। पक्राउ परेका चारै जना १८ वर्षमुनिका नाबालक रहेका छन्। फागुन २३ गते दिउँसो एक १६ वर्षीय किशोरलाई पक्राउ गरिएको थियो भने थप अनुसन्धानका लागि फागुन २४ गते अरू तीन जनालाई नियन्त्रणमा लिइएको छ।

डीएसपी बुढथापाले पोस्टमार्टम रिपोर्ट अझै नआएको जानकारी दिँदै रिपोर्ट आएपछि घटनाबारे स्पष्ट निष्कर्षमा पुग्न सहयोग पुग्ने बताए।

प्रहरीका अनुसार २३ गते पक्राउ परेका १६ वर्षीय युवकले बयानका क्रममा इनिसासँग शारीरिक सम्पर्कपछि अत्यधिक रक्तश्राव भएको र उनी अचेत भएपछि अन्य तीन जना साथीलाई बोलाएको बताएका छन्।

तर मृतकको परिवारले भने सामूहिक बलात्कारपछि हत्या भएको दाबी गर्दै कर्तव्य ज्यान र जबरजस्ती करणीसम्बन्धी जाहेरी दिएका छन्।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)